संघीय संसद

प्रतिनिधि सभा

# उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति

मिति: २०८०/०९/१९, बैठक संख्या: २०

**छलफल/निर्णय**

१. समितिको आज बसेको बैठकमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडबाट हालसम्म भएगरेका कामकारबाहीको अवस्था, खाद्यान्न लगायतका अत्याबश्यकीय उपभोग्य वस्तुको मौजुदा अवस्था, माग र आपूर्तिको अवस्था, दुर्गम क्षेत्रमा वितरणको अवस्था, किसान र उद्योगहरुबाट उत्पादन भएका अत्यावश्यक वस्तुको खरिद गर्ने र भण्डारण गर्ने सम्बन्धमा, जनशक्ति व्यवस्थापन, चालू आ.व.को बार्षिक बजेट, कार्यक्रम र भावी कार्ययोजना लगायतका विषयमा वाणिज्य तथा आपूर्ति सचिव श्री नारायणप्रसाद शर्मा दुवाढी, कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री मोहनप्रसाद चन्द लगायतका पदाधिकारी र प्लान्ट क्वारेन्टाइन तथा विषाधी व्यवस्थापन केन्द्र, हरिहर भवन, ललितपुरबाट भएगरेका कामकारबाही, देखिएका समस्या र समाधानका उपाय सम्बन्धमा केन्द्रका बरिष्ठ बाली संरक्षण अधिकृत श्री महेशचन्द्र आचार्यसँग छलफल गरि देहायबमोजिमको निर्णय गरियो :

- तत्कालिन नेशनल ट्रेडिङ लिमिटेड र नेपाल खाद्य संस्थानलाई गाभेर नयाँ सरकारी कम्पनीका रुपमा "खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड" गठन पश्चात भएगरेका आर्थिक कारोबार सम्बन्धी विवरण।

- हालको मौजुदा जनशक्ति व्यवस्थापन, संगठन संरचना र दरबन्दी सम्बन्धी विस्तृत विवरण साथै कम्पनीको आगामी कार्ययोजना, कम्पनीले भोग्नु परेका समस्या र समाधानका उपायहरु।

- भौगोलिक तथा जलवायु विविधता अनुरुप उत्पादन हुने स्थानीय उत्पादनहरुको पहिचान गरी सोको बजारीकरण गरी विक्री वितरण गर्ने सम्बन्धी भावी कार्ययोजना र जन्म/मरणमा वितरण गरिएको खाद्यान्नको जिल्लागत विस्तृत विवरण।

२. समितिको अर्को बैठक पछि सूचना गर्नेगरी आजको बैठक स्थगित गरियो।

(रामकुमार पौडेल)
समिति सचिव

(मा. अब्दुल खांन)
सभापति